# लोक सेवा आयोग
## राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको
## आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

मिति: २०८२/८/२६

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: प्रथम

विषय: शासकीय प्रबन्ध र विकास (Governance and Development)

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. एक्काइसौं शताब्दीको वैश्विक शासन (Global governance) बढी जटिल, विभाजित र परिणामात्मक (Consequential) छ। वैश्विक शासनका कर्ताहरूबाट बनाइएका नियम, मापदण्ड र मूल्य मान्यताहरूको एउटा पारिस्थितिक पद्धति (Ecosystem) को रूपमा वैश्विक शासनलाई लिन सकिन्छ। कतिपय समस्याहरू राज्यको सिमाना भित्र मात्रै सीमित नहुने परिस्थितिले पनि वैश्विक शासनको खाँचो परेको हो।

विश्वव्यापी नीति, नियम, मापदण्ड बनाइएता पनि समस्याको विश्वव्यापी स्वरूप र राजनीतिको संकिर्ण (Parochial) स्वभावको बीचमा द्वन्द्व देखिन्छ। वैश्विक शासनलाई व्यवस्थित गर्न नै संयुक्त राष्ट्रसंघको विकास भएको हो। विश्व बैंक, विश्व व्यापार संगठन जस्ता संस्थाहरू यही मेसोमा बनेका हुन्। अन्तर्राष्ट्रिय मापदण्ड र नीतिलाई विभिन्न सन्धि, सम्झौताको माध्यमबाट कार्यान्वयन गर्ने बन्दोबस्त मिलाइएको छ। नेपाल पनि विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र भएको छ। नेपालको सन्धि ऐनले त्यस्ता सन्धि सम्झौतालाई नेपालको कानून सरह कार्यान्वयन गर्ने भनेको छ। जलवायु परिवर्तन, आर्थिक स्थायित्व, जनस्वास्थ्य, मानव अधिकार जस्ता विषयहरूमा विश्वव्यापी नियम, मानक र संस्था बनाई व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

नेपाल जस्तो देशलाई वैश्विक शासनमा समस्तरको खेल मैदान (Level playing field) उपलब्ध नभएको विश्लेषण गरिन्छ। नेपालले जलवायु परिवर्तनमा नगण्य प्रभाव छाडेको छ भने वातावरणीय प्रभावको हिसाबले उच्च जोखिममा रहेको छ। उच्च हिमालमा हिउँ पग्लिनु, मनसुन पनि कतै अति वृष्टि र कतै अल्प वृष्टिको अवस्था हुनु र बाढी, पहिरोले कृषि, विद्युत आयोजना र वासस्थानमा समेत नराम्रोसँग प्रभाव पार्नु नेपालले भोगेका जलवायु परिवर्तनका असरहरू हुन्। तर ग्रीन क्लाईमेट फण्ड (Green Climate Fund) बाट सहयोग प्राप्त गर्ने विषय जटिल र कठिन जस्तै भएको छ। नेपालको सीमित संस्थागत क्षमताको कारणले पनि उक्त फण्डले परिभाषित गरे अनुसारको प्रक्रिया पूरा गर्ने र प्रतिवेदन गर्ने विषयमा पनि कमजोरी रहँदा उक्त फण्डबाट न्यून कार्यक्रमहरू कार्यान्वयन भएको गुनासो गरिन्छ। नेपाल जस्तो देश औद्योगिक राष्ट्रहरूले गरेको वातावरणीय विनासबाट जलवायु अन्याय (Climate Injustice) मा परेको भन्न पनि सकिन्छ। नेपालले जलवायु परिवर्तन सम्बन्धी क्षेत्रीय अवधारणा भन्दा बाहिर गएर कार्य गर्न पनि सम्भव देखिँदैन। यसैले वैश्विक शासन नेपाल जस्तो देशको लागि कतिपय सन्दर्भमा विरोधाभाषपूर्ण (Paradoxical) रहेको देखिन्छ। वैश्विक शासनले जलवायु परिवर्तनमा आफ्नो भूमिका नगण्य हुँदाहुँदै पनि नेपाल जसरी प्रभावित भएको छ त्यो अनुपातमा उसलाई सहयोग नगरेको विश्लेषण गरिन्छ।

प्रस्तुत मामिलामा आधारित भएर निम्न प्रश्नहरूको उत्तर दिनुहोस्: ७+८+१०=२५

क) वैश्विक शासनको अवधारणामा नेपालले खेलेको भूमिकाको चर्चा गर्दै भोगेका समस्या र त्यसका कारणहरू लेख्नुहोस्।

ख) नेपालले भोगेको जलवायु अन्याय (Climate Injustice) बाट न्याय पाउनको लागि नेपालले गर्नुपर्ने कार्यहरू समेटी समयबद्ध कार्ययोजना प्रस्तुत गर्नुहोस्।

ग) संयुक्त राष्ट्रसंघ, विश्वव्यापार संगठन र विश्व बैंक जस्ता संस्थाहरूबाट नेपालले के कस्तो लाभ प्राप्त गर्न सकेको छ र उक्त लाभहरू अन्य मुलुकको तुलनामा पर्याप्त वा अपर्याप्त के रहेको पाउनु हुन्छ? पर्याप्त लाभका क्षेत्रहरू प्राप्त गर्न चालिनु पर्ने कदमहरूको बारेमा तर्क प्रस्तुत गर्नुहोस्।

२. विगत केही वर्षयता अधिकांश सरकारी कार्यालयहरूमा संस्थागत सम्झनाहरू हराउँदै गएका छन् । एकै व्यक्ति कहिले प्रमुख जिल्ला अधिकारीका रुपमा, कहिले प्रमुख कर अधिकृतको रुपमा त कहिले प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा हुने गरेको छ । प्रशासनिक मन्त्रालयहरूमा २ वर्ष पूरा गरेका नीतिगत तहका कर्मचारी फेला पार्न कठिन छ । प्रशासन सुधारको नाममा मन्त्रालयका नाम र भवन पटक पटक फेरिएका कारण सिंहदरबारका कतिपय मन्त्रालयका अन्डरग्राउण्डमा मन्त्रालय एउटाको दस्ताबेज तथा सरसामान अर्काको रहेको अवस्था छ । कतिपय मन्त्रालयहरूलाई सिंहदरबार बाहिर आफू र आफू मातहतका निकायका पुराना जग्गा, जमिन तथा भवन कति छन्, कहाँ छन् र कसले हकभोग गरेका छन् ? भन्ने संस्थागत सम्झनासमेत हराउँदै गएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले सचिवलाई दिएको सरुवाको अधिकारको प्रयोग कागजीरुपमा सचिवले गरे पनि मन्त्रीले नै सरुवा सूचीलाई अन्तिम रुप दिने गरेका उदाहरण पनि छन् । कर्मचारी प्रशासनको खटनपटनमा मन्त्रीका निजी सचिव र सल्लाहकारको बोलवाला हुने गरेको अवस्था पनि छ । तल्ला तहका कमर्चारीहरूले सरुवा माग्दा सचिवलाई भन्दा मन्त्री वा निजका निजी सचिवलाई भेट्ने गरेको दृष्टान्त समेत पाइन्छ । कतिपय सचिवहरूले नै कर्मचारीले सरुवा माग्दा मन्त्रीकहाँ पठाउने गरेका उदाहरण पनि भेटिन्छन् । मन्त्रीहरूले नीतिगत काममा भन्दा कर्मचारी प्रशासनमा चाख राख्ने गरेका देखिन्छन् । सरुवामा गैरकानूनी लेनदेनको आरोपमा मन्त्रीपदसमेत गएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका वेबसाईट हेर्‍यो भने १२ महिनै त्यहाँका अधिकांश सूचना सरुवा र काज सम्बन्धी रहने गरेका छन् जबकी सो मन्त्रालयको जिम्मेवारीमा ७५३ स्थानीय तहको संस्थागत विकास र सहजीकरण समेत रहेको छ । निजामती सेवा ऐन, २०४९ को दफा १८ ले लामो बिदामा रहेका, निलम्बन भएका, अन्यत्र काजमा खटिएका कारण पदाधिकार रहेको पदमा कायम राख्नु पर्ने अवस्था देखि बाहेक जिम्मेवारी नदिई राखेमा सम्बन्धित पदाधिकारीलाई विभागीय कारवाही गर्ने भनिएतापनि मन्त्रालय तथा विभागमा बरण्डाका नामले चिनिने अलग हाजिरी कापीमा हाजिर गर्ने जिम्मेवारीविहीन भएका कर्मचारी भेटिईरहन्छन् । निजामती सेवा ऐनमै वर्षमा तीन महिनाभन्दा बढी काजमा खटाउन नपाउने प्रावधान रहेतापनि कानूनका अन्य दफाका छिद्रलाई समातेर कर्मचारीलाई काजमा खटाईने गरेको छ । निजामती कर्मचारीका ट्रेड यूनियनहरूको ध्यानसमेत अरु बिषयमा भन्दा सरुवामै बढी केन्द्रित हुने गरेको देखिन्छ । मन्त्रालयमा भेटघाटका लागि आउने अधिकांश सांसदहरूका कार्यसूचीमा प्रायः सरुवाले नै प्राथमिकता पाएको पाइन्छ । संघीय सरकारले प्रदेशका सचिव छिटोछिटो सरुवा गरेका कारण आफ्नो वार्षिक वित्तीय तथा भौतिक प्रगतिमा प्रतिकूल असर गरेको भनी प्रदेशले गुनासो गर्ने गरेको पाइन्छ । स्थानीय तहले पनि संघले प्रशासकीय अधिकृत समयमै नखटाउने र खटिएकालाई पनि छिटो सरुवा गरेको आरोप लगाउने गरेका छन् । कतिपय मन्त्रालयमा माथिल्लो तहका कर्मचारीलाई मन्त्रालयमा जगेडामा थन्क्याएर निजहरूको स्थानमा निमित्त दिएको दृष्टान्तहरू पनि देखिए । नेपालको कर्मचारी प्रशासन सुधारको जिम्मेवारी पाएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा नेपालको संविधान जारी भए यता १५ जना सचिवले नेतृत्व गरेको अवस्था छ ।

कर्मचारी प्रशासनका स्थापित सिद्धान्त तथा दक्षिण एशियाका अन्य मुलुक (SAARC) का अनुभवलाई समेत मध्यनजर गरी प्रस्तुत परिच्छेदमा उठाईएका प्रशासनिक सबालहरू (Administrative Issues) र यसले नेपालको प्रशासकीय प्रबन्धमा पारेका असरहरूको सुक्ष्म विश्लेषण गर्दै निजामती सेवाको सरुवा प्रणालीमा देखिएका संरचनागत तथा आचरणगत (Structural and Behavioural) समस्याहरूको दिगो समाधानका उपाय र सरुवामा राजनीति र प्रशासनको सीमा तथा अन्तर सम्बन्ध कस्तो हुनुपर्ला ? आफ्नो तर्कयुक्त धारणा प्रस्तुत गर्नुहोस् । २५

३. नेपालमा योजनाबद्ध विकासको थालनी भएको सात दशक पूरा भएको छ । यस अवधिको शुरुका वर्षहरूमा विशेषगरी पूर्वाधार विकास र त्यसपछि गरीबी निवारण, स्वास्थ्य, शिक्षा तथा रोजगारी क्षेत्रमा जोड दिइएको भएतापनि मुलुकमा योजना छनौट, स्रोत र साधनहरूको समुचित प्रयोगमार्फत सर्वसाधारण जनताको जीवनस्तरमा अझै सुधार ल्याउन सकिएको छैन । मुलुक अझै निर्वाहमुखी अर्थतन्त्रमा रहेको र जनता पूर्ण एवं अर्ध बेरोजगारी, गरीबीको चपेटामा परिरहेका छन् भने मूल्यवृद्धिको मार जनताले खेपिरहेको अवस्था छ ।

प्रादेशिक सन्तुलन हुने गरी दिगो भौतिक पूर्वाधार निर्माण, गरीबी निवारण र रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गर्ने रणनीतिक उद्देश्य सहित योजनाहरूको छनौट गर्ने र कार्यान्वयन गर्ने भनिए पनि अपेक्षा गरे अनुसार परिवर्तनको अनुभूति हुने गरी मुलुकको सामाजिक-आर्थिक रूपान्तरण एवं आमनागरिकको जीवन उठाउन नसकिएको स्मरणीय रहेको छ । योजनाको छनौट, प्राथमिकीकरण, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा सधैँ उही समस्या दोहोरिरहने, कमिकमजोरीहरूको सुधार नगर्ने र एकले अर्कोलाई दोष लगाएर जिम्मेवारी र जवाफदेहीताबाट पन्छिने परम्परागत समस्या सबै

समयमा सम्पन्न नगर्ने, विभिन्न बाहाना बनाएर ढिलासुस्ती गर्ने, आयोजनाको म्याद थप्दै जाने र लागत खर्च बढाउने कार्य राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा समेत देखियो । उल्लिखित अवस्थामा आवश्यक सुधार नगरेसम्म जतिसुकै राम्रो योजनाको लक्ष्य, उद्देश्य र योजना एवं कार्यक्रमको तर्जुमा गरे पनि योजनाको कार्यान्वयन चरणमा पारदर्शिता तथा जवाफदेहिताको अभावले गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन । यस्तो अवस्थालाई कसरी सुधार गर्न सकिन्छ र प्रादेशिक सन्तुलन हुने गरी दिगो भौतिक पूर्वाधार निर्माण, गरीबी निवारण र रोजगारी केन्द्रित समावेशी तथा समान्यायिक आर्थिक वृद्धि गर्न सकिन्छ भन्ने तर्फ सबैपक्ष (कर्मचारी/राजनीतिज्ञ/विज्ञ समूह) सजग र सतर्क रहन जरुरी छ ।

यसै सन्दर्भमा नेपालको आर्थिक वृद्धि र विकास (Growth and Development) मा देखिएका मूलभूत सवाल र प्रमुख कारकहरूको विश्लेषण गर्दै समष्टिमा रोजगारी केन्द्रित, गरीबी निवारण, समावेशी तथा समन्यायी आर्थिक वृद्धि गरी नेपालीको जीवनस्तरमा सुधार ल्याउन योजनाको छनौट, प्राथमिकीकरण, योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमनका क्षेत्रमा गर्नुपर्ने नीतिगत एवं व्यवस्थापकीय सुधारका क्षेत्रहरूको पहिचानसहित कार्यान्वयनयोग्य योजनाको खाका प्रस्तुत गर्नुहोस् । १०+१०+५=२५

४. कुनै पनि देशमा राज्यले आफ्नो देशका विपन्न र जोखिममा रहेका वर्गको संरक्षणका लागि विभिन्न कल्याणकारी कार्यक्रमहरू सञ्चालन गरेको हुन्छ । राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० अनुसार नेपालमा पनि लक्षित समूह र उद्देश्यका आधारमा (क) जीवनयापनका लागि सहायता र सामाजिक कल्याण कार्यक्रमहरू - ३६ वटा, (ख) उत्पादन तथा रोजगारी वृद्धि लक्षित कार्यक्रमहरू - १३ वटा, (ग) विपद् जोखिम प्रतिकार्य तथा स्वास्थ्य सेवा लक्षित कार्यक्रमहरू - २९ वटा तथा (घ) सम्भावित जोखिम वहन गर्ने क्षमता अभिवृद्धिका लागि बीमा र योगदानमूलक कार्यक्रमहरू - ९ वटा गरी कूल ८७ वटा समाजिक सहायता कार्यक्रमहरू सञ्चालन गरिएका छन् । त्यस्तै आर्थिक सर्वेक्षण, २०८२ (नेपाल सरकार, अर्थ मन्त्रालय) का अनुसार उपर्युक्त कार्यक्रमहरू मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरू (७० वर्ष नाघेका ज्येष्ठ नागरिक, ६० वर्ष नाघेका दलित ज्येष्ठ नागरिक, ६० वर्ष नाघेका एकल महिला, विधवा महिला, अपाङ्ग, क्षेत्र तोकिएका बालबालिका, दलित बालबालिका, लोपोन्मुख जाति) को संख्या आ.व. २०७१/७२ मा जम्मा २१,७०,५७६ रहेकोमा त्यसको ९ वर्षपछि (आ.व. २०८०/८१ मा) सो संख्यामा ७६.४३ प्रतिशतले वृद्धि भई ३८,२९,४७३ पुगेको छ । उपर्युक्त लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वापत आ.व. २०७१/७२ मा रु.१२ अर्ब ९५.१ करोड खर्च भएकोमा आ.व. २०८०/८१ मा सो खर्च रकम ८३२.१ प्रतिशतले वृद्धि भई रु.१२० अर्ब ७१.२ करोड हुन पुगेको छ ।

उपर्युक्त परिस्थितिलाई विचार गर्दै देहायका प्रश्नको उत्तर दिनुहोस् : ८+१०+७=२५

क) विपन्न र जोखिममा रहेका वर्गको संरक्षणका लागि नेपालले अवलम्बन गरेका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूबाट हालसम्म हासिल भएका मुख्य मुख्य उपलब्धीहरू र देखिएका प्रमुख चुनौतीहरूको समीक्षा गर्नुहोस् ।

ख) नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई राष्ट्रिय योजना आयोगद्वारा जारी गरिएको एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० को बारेमा गहन विश्लेषण गर्दै छरिएर रहेका विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकरण र प्राथमिकीकरण गरी कसरी समन्वयात्मक ढंगबाट सञ्चालन गर्न सकिन्छ ? कार्यान्वयनयोग्य सुझाब प्रस्तुत गर्नुहोस् ।

ग) सामाजिक सुरक्षाका कार्यक्रमहरू राजनीतिक रुपले समेत अति संवेदनशील देखिएका र ती कार्यक्रमहरूप्रति जनअपेक्षा अझ बढ्दो स्थितिमा रहेको, तर देशको वित्तीय स्रोत र साधनले ती कार्यक्रममा हुने खर्च धान्न सक्ने अवस्था नरहेको स्थितिमा सामाजिक सुरक्षा कार्यक्रमहरू सम्बन्धी अबको मार्गचित्र प्रस्तुत गर्नुहोस् ।

<<समाप्त>>